# आर्थिक वर्ष २०७९।८० को वजेट वक्तव्य

## आदरणीय सभाध्यक्षज्यू, गाउँसभा सदस्यज्यूहरु

१) सुनापति गाउँपालिकाको उपाध्यक्षको हैसियतले आ.ब २०७९।८० को बजेट प्रस्तुत गर्न पाउदा मलाई गर्ब महशुस भैरहेको छ । सर्वप्रथम यस गाउँसभा मार्फत २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तह सदस्य निर्वाचनबाट हामीलाई विजय गराउनु हुने आमा बुवा, दाजु भाई तथा दिदी बहिनी तथा सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दछु । यहाहरुले दिनु भएको सुनापति समृद्ध बनाउने जिम्मेवारीलाई हर तरहले पूरा गर्ने प्रतिवद्धता पनि हामी यसै सभा मार्फत व्यक्त गर्दछौ । यस पालिकाको आ.ब २०७९।८० को बजेट तर्जुमा गर्दा नेपालको सविधान, प्रचलित कानून, गाउँसभाबाट मिति २०७९।०३।१० मा पारित नीति तथा कार्यक्रम, संघ र प्रदेश सरकारले अवलम्बन गरेका बजेट नीति तथा कार्यक्रम लाई समेत आधार मानि यो बजेट तयार गरिएको छ । बजेट तर्जुमाका आधारशिला स्थानीय राजश्व परामर्श समिति, अन्य विषयगत समिति, संघ संस्था, नागरिकहरुबाट प्राप्त सुझावलाई ध्यान दिइएको छ ।

नेपालको संविधान जारी भए पश्चात राज्यको शासकीय संरचना तीन तहको सरकारबाट सचालित छ । स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो । स्थानीय सरकारको रुपमा सुनापति गाउँपालिकाले व्यवस्थापकीय, कार्यकारी र न्यायीक अधिकारको प्रयोग गर्दै आइरहेको छ । यस सम्मानित सभामा आ.ब.२०७९।८० को बजेट तथा कार्यक्रमको अतिरिक्त, विनियोजन विधेयक,२०७९ , आर्थिक ऐन, २०७९ प्रस्तुत भै पारित गर्ने कार्यक्रम पनि रहेको छ ।

२) संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल निर्माणको चरणसम्म आइपुग्दा घाइते तथा वेपता पारिएका परिवार र व्यक्ति प्रति सम्मान प्रकट गर्दै शहिदहरु प्रति श्रद्धान्जली अर्पण गर्दछु, साथ साथै यहि मिति २०७९ असार २१ गते सुनापति ५ खनियापानीमा भएको सवारी दुर्घटना परि ज्यान गुमाउनु हुने नागरिकहरु प्रति भावपूर्ण श्रद्धाजली अर्पण गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

३) **“समृद्ध र सुखि सुनापतिः कृषि पर्यटन हाम्रो सम्पति”** भन्ने दीर्घकालिन सोचका साथ कृषि, पशुपालन र पर्यटनको विकास एवम् विस्तारलाई मध्यनजर गरी यस आर्थिक वर्षमा समृद्ध र समाजवाद उन्मुख सुनापतिको आधारशिला निर्माण गर्न यो वजेटलाई केन्द्रित गरिएको छ ।

४) गाउँपालिकाको समन्यायिक विकास,श्रोत साधनको समानुपातिक वितरण मार्फत गाउँपालिकाको सबै क्षेत्र वर्गको उत्थान मार्फत न्यायपूर्ण सुनापति समाजको निर्माण गर्ने गरी यो आर्थिक वर्षको बजेट तर्जुमा गरेको छ ।

५) आ.व.२०७९।८० को वजेट तर्जुमा गर्दा संविधान, नेपाल सरकार र प्रदेश सरकारको नीति, कानुन, निर्देशनहरु, पन्धौ आवधिक योजना, दिगो विकास लक्ष्य(Suttainable Development Goal) विषयगत समितिबाट भएका निर्णय, निर्देशन तथा गाउँसभा सदस्यज्यूहरुले प्रदान गर्नुभएको सुझाव समेतलाई आत्मसात गरी तर्जुमा गरेको छ । यस बाहेक गाउँपालिकामा कियाशिल राजनितिक दल, निवर्तमान जनप्रतिनिधि, बुद्धिजीवि, नागरिक समाज, संघ संस्थाहरुले दिनु भएको सुझावहरुलाई समेत वजेट निर्माणको आधार मानिएको छ ।

६) करिव २७००० जनसंख्या भएको यस गाउँपालिकाको आर्थिक समृद्धि हासिल गर्ने माध्यम भनेको कृषि पशुपालन र पर्यटन नै रहेको छ । कुल क्षेत्रफल **८६.९८** वर्ग किमि रहेको यस गाउँपालिकाको **साक्षरता दर करिब ७५%** रहेको छ । व्यवसायिक र बजारकेन्द्रित आर्थिक गतिविधि न्यून भएता पनि प्राकृतिक श्रोतको प्रचुरता, भौगोलिक एबम् सास्कृतिक विविधताको कारण विकासको लागि असीमित सम्भावना रहेको छ ।

७) लामो समयसम्म यातायातको सहज पहुँच नभएको अवस्थालाई मध्यनजर गर्ने हो भने हामी निर्वाचित भएपश्चात सडक पूर्वाधारलाई जोड दिदै गरिएको योजना कार्यक्रमको कार्यान्वयनबाट  बाह्रै महिना यातायात चल्न सक्ने गरी करिब **२०० किमि** सडक निर्माण भइसकेको छ भने करिब **३५० किमि** सडक (ट्याक ओपन) निर्माण भइसकेको छ । अबको वजेट सडक स्तरोन्नती एवम् कालोपत्रे तर्फ मात्र केन्द्रीत रहेको छ ।

८) उज्यालो सुनापति अभियान सञ्चालन गरी गाउँपालिका भित्रका सबै घरपरिवारमा पुग्ने गरि विद्युतीकरणको काम सम्पन्न भइसकेको छ । साथै **उज्यालो सडक अभियान** अन्तर्गत सोलार सडक बत्ति जडान कार्य प्रारम्भ भई आवश्यक स्थानहरुमा विस्तार गरिने योजना रहेको छ ।

९) सिचाँइ हुने जमिन करिव **५५६.५ हे.** रहेको यस क्षेत्रमा व्यवसायिक कृषि पशुपालनमा लाग्ने व्यक्ति, घरपरिवारको सँख्या न्यून रहेकोमा यस आर्थिक वर्षमा प्रोत्साहनका प्याकेज वृद्धि गरिएको छ । न्यून आन्तरिक आय भएको यस गाउँपालिका क्षेत्रमा मझौला व्यवसाय, घरेलु तथा साना उद्योग, व्यापार व्यवसायको संख्या कमशः वृद्धि हुदै गएको छ ।

१०) यस गाउँपालिकामा हालसम्म ४०८ जना बेरोजगार व्यक्तिहरु सूचीकृत भएको छन । बेरोगार ब्यक्तिहरुलाई समेत लक्षित गरी बजेटको व्यवस्था गरिएको छ ।

**आदरणीय सभाध्यक्षज्यू,**
**आदरणीय सभासदस्यज्यूहरु,**

**११**) अव म आर्थिक वर्ष २०७९।८० को वजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु । वजेटका उद्धेश्यहरु निम्नानुसार रहेका छन् ।

**क**) सवै प्रकारका महामारी, प्रकोप र विपद्बाट गाउँबासीको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने ।
**ख**) उपलब्ध स्रोत साधन, अवसर र क्षमताको महत्तम परिचालन गरी पालिकाको भौगोलिक धरातल र भूस्वरुपमा आधारित यर्थाथपरक आर्थिक पुनरुत्थान गर्दै विकासको गतिलाई निरन्तरता दिने ।
**ग**) सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत उत्थानशील एंव समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्दै जाने ।
**घ**) स्वस्थ्य र सभ्य संस्कृतिका विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने ।

**१२**) वजेटका उपरोक्त उद्धेश्यहरु हासिल गर्न मैले देहायका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

**क**) समग्र सुनापतिको विकासमा सन्तुलन कायम गर्न विकासका सबै पक्षहरुमा समान रुपले बजेट विनियोजन गर्ने ।

**ख**) सबै बर्ग, जात, क्षेत्र, भाषा, धर्म र लिङगको आधारमा हुने विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्दै समतामुलक समाज निर्माण गर्ने

**ग**) गाउँबासीका लागि काम र रोजगारीको अवसर, खाद्य सुरक्षा र सामाजिक संरक्षण गर्ने
**घ**) विकासको शीघ्र प्रतिफल प्राप्त हुने र आगामी वर्ष भित्र सम्पन्न हुने अधुरा आयोजना कार्यन्वयन गर्ने ।
**ङ**) गुणस्तरीय र जीवनोपयोगी शिक्षा, सूचना प्रविधिको विस्तार, हरितवृद्धि सुहाउँदो भौतिक पूर्वाधार, आधारभूत खानेपानी तथा सिंचाई लगायत समष्टिगत कृषि क्षेत्रको विकास गर्ने ।
**च**) गुणस्तरीय तथा पहुँचयुक्त सार्वजानिक सेवा प्रवाह र सुशासनलाई सुदृढीकरण गर्ने ।

**१३)** अव म आ.व.२०७९।८०को बजेटको क्षेत्रगत कार्यक्रम तथा विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु । आगामी आर्थिक वर्षको क्षेत्रगत रुपमा वजेट विनियोजन गर्दा शीघ्र आर्थिक पुनर्उत्थान हुने, छिटो प्रतिफल प्राप्त गर्न सकिने, आगामी वर्ष भित्रै सम्पन्न हुने योजनाको सुनिश्चितता गर्न सामाजिक सेबामा जोड दिने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने तथा सार्वजनिक निजी सहकारी र सामुदायिक क्षेत्रसंगको साझेदारीबाट विकास प्रक्रियालाई अघि बढाउने कार्यक्रमहरुमा जोड दिएको छु ।

**१४) आर्थिक विकास क्षेत्र**

- ❖ सुनापतिलाई समृद्ध र सुखि निर्माण गर्न कृषि, पशुपालन संस्कृति पर्यटन, उर्जा, उद्योग र सहकारी क्षेत्रलाई सम्वाहकको रुपमा लिई आर्थिक क्षेत्रको विकासको लागि **दुई करोड पचास लाख** विनियोजन गरेको छु ।
- ❖ किसानको हक हित संरक्षरण र सवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन कृषिलाई व्यवसायीकरण, आधुनिकीकरण गर्न किसानलाई अनुदानमा कृषि यन्त्र, उपकरण वितरणका लागि रु **१५ लाख** बजेटको व्यवस्था गरेको छु ।
- ❖ प्रत्येक वडालाई छुटुटा छट्टै **कृषि र पशु** ब्लकको रुपमा विकास गरी अनुदान र साझेदारीमा कुषि र पशुका कार्यक्रम संचालन हुने व्यवस्था मिलाएको छु ।
- ❖ योगदान र कार्यविधिमा आधारित कृषि र पशु ब्लक कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- ❖ सुनापतिलाई तरकारीमा आत्म निर्भर गराउन एक घर एक टनेल कार्यक्रम संचालन गर्न रु **१० लाख** बजेट विनियोजन गरेको छु ।
- ❖ कृषकले समूह तथा सहकारी मार्फत कृषकको मागको आधारमा अनुदान दिई खेती प्रणली संचालन गर्न रु १० लाख बजेट विनियोजन गरेको छु ।
- ❖ साना, घरेलु तथा लघुउद्यम कार्यक्रमलाई प्रोत्साहन गर्न महिला उद्यमीहरुको नाममा गाँउपालिकामा दर्ता गर्न लाग्ने कर तथा शूल्कमा **तीस प्रतिशत** सम्म छुट दिने व्यवस्था मिलाएको छु ।
- ❖ यस पालिकालाई कृषिमा आधारित पर्यटन विकासका लागि चियाखेति प्रबर्द्धनको लागि **१० लाख** बजेट विनियोजन गरेको छु ।
- ❖ साना किसानहरुलाई व्यवसायिकरण गर्न गाई भैसि र बंगुरपालनको लागि अनुदानमा आधारित बजेट व्यवस्था गरेको छु ।

❖ किसानहरुलाई फलफुल खेतिमा आकर्षण गरी फलफुलमा आत्मनिर्भर हुन कम्तिमा ५० बोट फलफुलका विरुवा रोप्ने किसानलाई **एक फलफुलको बोट रु ५० को नोट** कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु ।

❖ किसानहरुको खेतबारीको उर्बरा शक्ति बढाउन, माटाको जानकारी तथा उपचारका लागि माटो परीक्षण कार्यक्रम सञ्चालनको लागि **आ**वश्यकल बजेटको व्यवस्था गरेको छु ।

❖ उत्पादनका लागि नर्सरी, चिया विकास योजना, रैथाने विउ उत्पादन, कृषि र पशु विमा, पशु स्वास्थ्य घुम्ती शिविर, कृषि उपजको मूल्य अभिवृद्धि लगायतका कार्यक्रमहरुका लागि वजेट विनियोजन गरी कृषि क्षेत्रको विकास वितरणमुखी भन्दा आयआर्जनमा उत्प्रेरित हुने गरी तर्जुमा गरेको छु ।

❖ गाई भैसी प्रबर्द्धन कार्यक्रम मार्फत व्यवसायीक गाई भैसीपालनमा जोड दिई दुध उत्पादनमा बृद्धि गर्न रु २० लाख बजेट विनियोजन गरेको छु ।

❖ मासुमा आत्मनिर्भर हुन किसानहरुलाई पशुपालनमा आकर्षण गर्न ५० प्रतिशत अनुदानमा बाख्रा र बंगुरको खोर सुधार गर्न रु **१५ लाख** बजेट विनियोजन गरेको छु ।

❖ सहकारी संस्थाहरुको सञ्चालन प्रकृयामा आवश्यक सुधार ल्याउन र सहकारीलाई छाता संगठनसंग आवद्ध गराई गतिशिल गर्न **रु ७ लाख** बजेट विनियोजन गरेको छु ।

❖ सुनापतिको आर्थिक विकासका लागि आन्तरिक एवम बाह्य पर्यटन आकर्षण गर्न सांस्कृतिक एवम पर्यटकीय संरचनाहरुको निर्माण गर्न रु **८९ लाख** बजेट विनियोजन गरेको छु ।

## १५)सामाजिक विकास क्षेत्र

❖ सामाजिक क्षेत्रको विकासका लागि **तीन करोड पचास लाख** र बजेट छुट्टयाएको छु ।

❖ सुनापति गाउँपालिकाको श्रोतबाट व्यहोर्ने गरी बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र सामुदायीक अध्ययन केन्द्रको सहजकर्ताको थप पारिश्रमिक वापत **रु ७९ लाख ५५ हजार** बजेट विनियोजन गरेको छु ।

❖ सनापति प्रज्ञा प्रतिष्ठानलाई व्यवस्थित गर्न र साहित्यीक प्रतियोगीता गर्न **५ लाख** विनियोजन गरेको छु ।

❖ यस पालिका भित्रका नागरिहरुको परिवार स्वास्थ्य विमा कार्यक्रम, एकल पुरुष भत्ता र बृद्ध कन्या भत्ताका लागि **५० लाख** विनियोजन गरेको छु ।

❖ स्वास्थ्य प्रयोगशाला र कर्मचारी व्यवस्थापनका लागि **१० लाख** विनियोजन गरेको छु ।

❖ स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको मनोबल उच्च थप प्रोत्साहन भत्ताको व्यवस्था गरेको छु ।

❖ सुनापतिका नागरिकहरुलाई निशुल्क रुपमा औषधी वितरण गर्ने उद्देश्यले पालिकाको तर्फबाट **२० लाख** बजेट विनियोजन गरेको छु ।

❖ विपन्न र जेहेन्दार विद्यार्थीको लागि छात्रवृत्ति प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

❖ एक वडा एक Math Lab को लागि आवश्यक वजेट व्यवस्था गरेको छु।

❖ गरिव एवम् पिछडीको समुदायबाट डाक्टर (एम.बि.बि.एस) अध्ययनका लागि कार्यविधि बनाई पालिकाबाट थप अनुदान दिने व्यवस्थाका लागि आवश्यक वजेट विनियोजन गरेको छु।

❖ दलितहरुको परामपरागत सीप र कलाको संरक्षण र प्रबर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

❖ सुनापति गाउँपालिकामा भएका सबैभन्दा जेष्ठ महिला र पुरुषलाई **सुनापति ज्येष्ठ माता र ज्येष्ठ पिता** को उपमाद्धारा सम्मान गरिने व्यवस्थालाई निरन्तरता दिइनेछ।

❖ सुनापति गाउँपालिकाको पाचै वटा वडाहरुमा जेष्ठ नागरिक भलाकुसारी केन्द्र निर्माणको लागि २५ लाख विनियोजन गरेको छु ।

❖ दलित/अपागं/जेष्ठ नागरिक/आदिबासी जनजाति समुदाय लक्षित कार्यकम सञ्चालन गर्नको लागि आवश्यक वजेट बिनियोजन गरेको छु।

❖ खेलकुद विकास समितिलाई संस्थागत एवं कृयाशिल बनाई खेलकुदका गतिविधि र कृयाकलाप संचालन र राष्ट्रिय स्तरको तेक्वान्दो प्रतियोगिता आयोजना गर्न रु **३० लाख** विनियोजन गरेको छु।

❖ व्यक्तिगत घटना दर्ता वालविवाह र बहुविवाह अन्त्य महिलाहरुको सरसफाई एवम सुरक्षित बैदेशिक रोजगार सगँ सम्बन्धित जनचेतनामुलक कार्यक्रम गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

❖ असहाय महिला, बालबालिका, जेष्ठ नागरिक एबम् मानसिक सन्तुलन गुमाएका नागरिकहरुको उद्धार एवम संरक्षण गर्न सेफ हाउस निर्माणका लागि रु ८ लाख बजेट विनियोजन गरेको छु ।

❖ न्यायीक समितिको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

## १६)पूर्बाधार विकास क्षेत्र

- ❖ गाउँपालिकाको समग्र पूर्वाधार क्षेत्रको विकासका लागि **रु.४ करोड ५० लाख** विनियोजन गरेको छु ।
- ❖ सुनापति गाउँपालिकाको प्रशासकीय भवनको निर्माण सम्पन्नका लागि **१ करोड वीस लाख** विनियोजन गरेको छु ।
- ❖ वडाबाट नै संचालन हुनसक्ने वडागत योजना तथा कार्यक्रमको लागि श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले निर्धारण गरे बमोजिम वजेट विनियोजन गरेको छु । यसबाट वडाको समस्या र आवश्यकतासँग नजिक रही समष्टिगत विकास गर्न सघाउ पुग्ने विश्वास लिएको छु ।
- ❖ केन्द्र र प्रदेश सरकारको समपूरक कोषसँग साझेदारी गरी बृहत र ठुलास्तरका आयोजना कार्यक्रम संचालन गर्ने गरी समपुरक कोषमा **२ करोड पचास लाख** बजेट विनियोजन गरेको छु ।
- ❖ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत साझेदारीका निर्माण कार्य गर्न **५० लाख** विनियोजन गरेको छु ।

## १७) विपद् तथा वातावरण व्यवस्थापन

- ❖ विपद व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन गाउँपालिकाको विपद् व्यवस्थापनका लागि **रु. एक करोड** विनियोजन गरेको छु ।
- ❖ बाह्रै महिना सहज रुपमा सडक सञ्चालनका लागि सडक मर्मत कोषमा **४० लाख** बजेट विनियोजन गरेको छु ।
- ❖ सरसफाई, वृक्षारोपण कार्यकमलाई प्राथमिकताका साथ सञ्चालन गरी विपद् मैत्री **सुरक्षित र सुन्दर** सुनापति बनाउनको वजेट विनियोजन गरेको छु ।
- ❖ सुनापति गाउँपालिकाको हरियाली बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।
- ❖ प्राकृतिक प्रकोप र आपतकालिन व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

## १८) सुशासन र सेवा प्रवाह

- ❖ सुशासन र संस्थागत विकासका लागि **७५ लाख** विनियोजन गरेको छु ।
- ❖ **सेवाको वरिपरी जनता होइन जनताको वरिपरी सेबा** भन्ने मूल नारालाई अंगिकार गर्दै गाँउपालिका, वडा कार्यालय तथा अन्य कार्यालयहरुबाट हुने

सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राहीमैत्री बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- ❖ समुदाय, प्रहरी र गाउँपालिका विच साझेदारी गरी शान्ति सुरक्षालाई सुदृढ र प्रभावकारी बनाउन साथै सुरक्षा चौकीको समेत व्यवस्थापन गर्न सहज हुने गरी आवश्यक बजेट विनियोजन गरेको छु ।
- ❖ गाउँपालिकामा करार तथा ज्यालादारीमा कार्यरत कार्यालय सहयोगी कर्मचारीहरुको कार्यसम्पादनका आधारमा निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

## १९) कर राजश्व परिचालन तथा छुट र सहुलियत सम्बन्धि व्यवस्था

- ❖ **जनताको घर आँगन : कर संकलन अभियान** सञ्चालन गरीप्रत्येक टोल बस्तीसम्म राजश्व सचेतना कार्यक्रम संचालन गरी घुम्ति सिविर, कर संकलन टोलिको व्यवस्था गरि राजश्व संकलन कार्यलाइ प्रभावकारी वनाउन साथै राजश्व परामर्श समितिको संस्थागत सुदृढिकरण गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।
- ❖ महिलाले आफ्नो नाममा गाउँपालिकामा प्रचलित कानून बमोजिम दर्ता गर्ने उद्योगमा **पचास प्रतिशत**, व्यापार व्यवसायहरूको दर्तामा तीस प्रतिशत छुट दिइने व्यवस्था गरेको छु । तर, बक्यौता तिर्नुपर्ने अवस्थामा उल्लेखित सुविधा प्रदान गरिने छैन ।
- ❖ अपांगता भएका नागरिकहरूलाई गाउँपालिकाले जुनसुकै प्रकारका सिफारिश गर्दा वा व्यवसाय दर्ता वा नविकरण गर्दा लाग्ने राजस्वमा पचास प्रतिशत छुट दिइने व्यवस्था गरेको छु ।
- ❖ अगामी आर्थिक वर्षको शरुदेखि नै कर तथा शुल्कको संकलनलाई पारदर्शि र पद्धतिगत बनाउन ट्याकिङ गर्ने सफ्टवेयर प्रणालीको व्यवस्था गरको छु ।
- ❖ सुनापति गाउँपालिका अन्तर्गत सञ्चालन हुने व्यवसायहरुलाई अनिवार्य रुपमा दर्ता गरी सञ्चालन गर्ने व्यवस्था गरेको छु ।

**आदरणीय सभाध्यक्षज्यू**
**आदरणीय सभासदस्यज्यूहरु**
**२०) अव म २०७९।८०का अनुमानित आय व्यय प्रस्तुत गर्न गईरहेको छु ।**

- ❖ आर्थीक वर्ष २०७९।८० मा नीति, योजना कार्यक्रम कार्यान्वयन गर्न कुल आयव्यय **रु ६० करोड ६२ लाख २८ हजार** को अनुमानित बजेट प्रस्ताव गरिएको छ ।
- ❖ कुल प्रस्तावित आय रकममा समानीकरण अनुदानतर्फ **१३ करोड ४८ लाख ४९ हजार,** सशर्त अनुदान तर्फ **२३ करोड ५६ लाख ३२ हजार,** राजस्व बाँडफाँड( संघ)तर्फ **६ करोड १० लाख ५१ हजार** सामाजिक सुरक्षातर्फ **१० करोड** सवारी साधन कर बाँडफाँडबाट **१ करोड ८५ लाख ४२ हजार, संघीय समपुरक कोष ७० लाख, प्रदेश समपुरक २ करोड ८७ लाख ५४ हजार, प्रदेश विषेश अनुदान ७४ लाख,** आन्तरिक आय **रु. ३० लाख** र बाँकी मौज्दात **रु १ करोड** हुने प्रक्षेपण गरिएको छ ।

२१) कुल विनियोजन रकममा चालु खर्चतर्फ **रु ६ करोड १० लाख ५१ हजार**, आर्थिक विकास तर्फ रु.**२ करोड पचास लाख**, भौतिक पूर्वाधारतर्फ **४ करोड ५० लाख**, सामाजिक विकास तर्फ **३ करोड ५० लाख**, विपद् व्यवस्थापन  तर्फ **१ करोड**, सुशासन र संस्थागत विकास तथा सेवा प्रवाहतर्फ **७५ लाख**, समपुरक कोषमा **२ करोड ५० लाख**, वडागत योजना र कार्यक्रमका लागि **रु ३ करोड** खर्च हुने प्रक्षेपण गरिएको छ । सामाजिक सुरक्षातर्फ **१० करोड** खर्च हुने अनुमान गरिएको छ । साथै संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त कार्यक्रमतर्फ **२३ करोड ५६ लाख ३२ हजार,** रहेको छ २२) जनताको आवश्यक्ता र मागको आधारमा प्रत्येक वडा, विषयगत समितिबाट सिफारिस भई आएका प्रतिफल दिने र नतिजा देखिने योजनाहरुमा बजेट विनियोजन भएको र सोही आधारमा रकम विनियोजन गरी कार्यान्वयन गर्ने प्रतिबद्धता समेत यस सम्मानित सभा समक्ष व्यक्त गर्दछु ,

**वजेट कार्यान्वयन वित्तीय अनुशासन :**

२३) तथ्य र प्रमाणमा आधारित अनुगमन तथा मूल्यांकन प्रणालीको उपयोग गरी प्राप्त ) पृष्ठपोषणबाट विषयगत शाखाहरुको संस्थागत क्षमता विकास गर्नुका साथै मितव्ययी र पारदर्शी रुपमा सार्वजनिक स्रोत साधनको प्रतिफल प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

२४) वजेट निर्माणमा समग्र वित्तीय अनुशासन, विनियोजनमा दक्षता र कार्यन्वयनमा कुशलता कायम गरी खर्चमा मितव्ययिता अपनाउन विशेष जोड दिइनेछ ।

२५) जिम्मेवार पदाधिकारीलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानून बमोजिम खर्चको नतिजा प्रति जिम्मेवार बनाइनेछ ।

२६) वजेटमा प्रस्तुत भएका कार्यक्रमहरुको स्वीकृति पश्चात समयबद्ध कार्ययोजना तयार गरी आर्थिक वर्षको शुरु देखि नै योजना तथा कार्यक्रम कार्यन्वयन गर्ने व्यवस्थालाई सुदृढ बनाइने छ ।

**अन्त्यमा,**

यो बजेट तर्जुमा गर्ने क्रममा गहन राय सल्लाह सुझाव प्रदान गर्नुहुने राजनीतिक दल, निवर्तमान जनप्रतिनिधीज्यूहरु, संघ संस्था, सहकारी क्षेत्र, उद्योगी व्यवसायी, समाजसेवी, नागरिक समाज, कर्मचारी, संचारकर्मि र आम सुनापति नागरीकबासीमा हार्दिक धन्यवाद एवम्  आभार प्रकट गर्न चाहन्छु ।

यो बजेटको कार्यान्वयनबाट समृद्ध र सुखी सुनापति निर्माण गर्न कोसेढुंगा सावित हुने विश्वास लिएको छु । बजेटमा उल्लेखित योजना कार्यक्रमको कार्यान्वयनबाट **समष्टिगत पूर्वाधारको विकास गरी समृद्ध र समाजबाद उन्मुख सुनापतिको आधारशिला निर्माण गर्ने** उद्धेश्य प्राप्त गर्नका लागि पर्याप्त रुपमा मार्गदर्शन गर्नेछ भन्ने विश्वास लिएको छु ।

गाउँपालिकाको हरप्रयास र कदममा साथ दिनुहुने सम्पूर्ण नागरिकप्रति आभारी हुदैं बजेट कार्यान्वयन गर्न सवैको सहयोग र साथ रहनेछ भन्ने विश्वासका साथ सम्पुर्णमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

**धन्यवाद ।**